नौमूले गाउँपालिका

"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"

# नौमूले राजपत्र

खण्डः ६ संख्याः ५ मितिः २०८१/०६/१४

## भाग-२

## नौमूले गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०३/२१

# उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानको भाग ४, धारा ५१ अन्तर्गत उल्लेखित अर्थतन्त्रमा निजी, सहकारी र सहकारी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न साथै हासिल गरिएको समृद्धिमा बहुसंख्यक जनताको पहुँच स्थापना गर्ने, उद्योग व्यवसाय प्रवर्द्धन, विस्तार साथै गुणस्तरीय एबम् विश्वसनीय सेवा तथा उत्पादन प्रवर्द्धनको उद्देश्य राखी नौमूले गाउँपालिकाको गाउँसभाबाट पारित यस कार्यविधिले उद्योग दर्ता, नविकरण, संचालन र नियमनका लागि गाउँपालिकाका आगामी कार्यलाई निर्देशित गर्नेछ ।

## १. संक्षिप्त नाम र परिचयः

क) यस कार्यविधिको नाम नौमूले गाउँपालिका उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधि, २०८१ रहनेछ ।

## २. परिभाषाः

क) “गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नौमूले गाउँपालिकालाई जनाउँदछ ।

ख) “गाउँ कार्यपालिका” भन्नाले यस नौमूले गाउँपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

ग) “गाउँसभा” भन्नाले यस नौमूले गाउँपालिकाको गाउँ सभालाई जनाउँदछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत जनाउँदछ ।

ङ) “घरेलु शाखा” भन्नाले यस गाउँपालिकामा रहेको उद्योग सम्बन्धी कार्य हेर्ने शाखालाई जनाउँदछ ।

## ३. उद्योग तथा व्यवसाय दर्ता सम्बन्धी व्यवस्थाः

उद्योग, व्यापार, सेवा र पेशाजन्य क्रियाकलापहरु यस नौमूले गाउँपालिका भित्र संचालन गर्नको लागि यस कार्यविधिले निर्देश गरे बमोजिम दर्ता गरी मात्र संचालन गर्न पाइने छ ।

पेश गरिएको निवेदनको आवश्यक कारबाही गरी गाउँपालिकाले व्यवसायीलाई अनुसूचीमा व्यवस्था गरिए बमोजिमको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्नेछ । गाउँपालिकामा व्यवसाय दर्ता गरिसके पछि अन्य सम्बन्धित निकायबाट प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम अनुमति लिनु पर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायी स्वयमको नै हुनेछ । व्यवसाय संचालित स्थान अनुसूची बमोजिमको सूचना पाटी अनिवार्य रुपमा टाँस गरिएको हुनु पर्नेछ । गाउँपालिकाले व्यवसाय दर्ता र कर प्रयोजनका लागि दर्ता किताब र कर विवरण किताब वा कम्प्यूटर सफ्टवयर व्यवस्थित गर्नेछ ।

## ४. नविकरण सम्बन्धी व्यवस्थाः

आवधिक रुपमा (आर्थिक अन्त्य भएको ३५ दिन भित्र) आवश्यक प्रक्रिया पुरा गरी गाउँपालिकाको कार्यालयबाट आफ्नो उद्योग/व्यवसाय नविकरण गरिसक्नु पर्नेछ । अन्यथा मासिक हर्जना लाग्ने वा सम्बन्धित निकायले कार्यपालिकामा आवश्यक कारबाहीको सिफारिस गरि सो अनुसार गर्न सक्नेछ । साथै साझेदारी थपघट, स्थान परिवर्तन वा अवस्था परिवर्तनको कार्य गर्नु परेमा समेत नविकरण प्रक्रिया मार्फत सहजीकरण गरिनेछ ।

## ५. उद्योग तथा व्यवसाय करः

यो कार्यविधिले निम्न बमोजिमको उद्योग/व्यवसायको वर्गीकरण गरि गाउँपालिकाको कार्यालयमा उद्योग व्यवसाय दर्ता गर्ने, गराउने साथै वर्गीकृत व्यवसायको स्तरीकरण गरी वार्षिक रुपमा कर संकलन गर्ने मार्गनिर्देश गर्नेछ ।

**प्राकृतिक स्रोत उत्खनन् गर्ने, प्रयोग गरी वस्तु र सेवा प्रवाह गर्ने उद्योगः** इटा भट्टा, बालुवा प्रशोधन, क्रसर, ह्युम पाइप, ब्लक रिंग कंगक्रिट, स मिल, फर्निचर, खानी, मिल उद्योग ।

**सेवा प्रवाह व्यवसाय वर्गीकरणः** आवासीय होटल, रेस्टुरेन्ट, खाना होटल, चिया पसल, पर्यटन प्रवर्द्धन गर्ने व्यवसाय, सुन्दर्ता जन्य व्यवसाय, निर्माण सामग्री विक्रि वितरण गर्ने ।

**दैनिक उपभोग्य वस्तको उत्पादन र विक्रिः** कुटानी, पिसानी मिल, किराना पसल, तरकारी पसल, पेय पदार्थ उत्पादन र विक्रि, कपडा पसल, टेलर ।

**मेसिनरी सामान निर्माण, मर्मत र विक्रि वितरणः** ग्यारेज ।

**रासायानिक वस्तुको विक्रि र उत्पादनः** पसल

**मानव तथा जैविक स्वस्थ्यः** फार्मेसी, कृषि तथा पशु स्वास्थ्य उद्योग, अस्पताल, क्लिनिक ।ऽ

**ज्ञान र सीप सिकाउनेः** तालिम केन्द्र, निजी विद्यालय, ट्युसन केन्द्र ।

**इन्धन प्रशोधन तथा विक्रि वितरण**

**सिलाई कटाई, सैलुन**

## ६. प्रोत्साहन र सहजीरकण सम्बन्धी व्यवस्थाः

कृषिजन्य उद्योग व्यवसाय संचालन गर्ने स्थानीयलाई अनुदान प्रदान गरिनेछ । स्थानीय जनतालाई रोजगारी प्रदान गर्ने साथै स्थानीय उत्पादनलाई बजार प्रदान गर्ने उद्योग/व्यवसाय स्थापना गर्न भौतिक पूर्वाधार निर्माण गर्न सहुलियत प्रदान गर्ने नीति अबलम्बन गरिनेछ । लक्षित वर्ग (महिला, सिमान्तकृत, उत्पीडित, विपन्न साथै युवा) उद्यमशिलता प्रवर्द्धनको लागि तालिम र अनुदानको व्यवस्था गरिनेछ । यस्ता अनुदान तथा सहुलित वार्षिक नीति तथा कार्यक्रममा समेटी आवश्यक बजेट विनियोजन गरिनेछ ।

## ७. श्रमिक सम्बन्धी व्यवस्थाः

यस गाउँपालिका क्षेत्र भित्र संचालित सम्पूर्ण उद्योग/व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नु पर्नेछ । अन्यथा हुन गएको उजुरी वा जानकारी आएमा आवश्यक कारबाही गरिनेछ ।

## ८. वातावरण तथा भौगोलिक प्रभावः

खानी उत्खनन्, रासायनिक पदार्थ उत्पादन, तथा प्राकृतिक स्रोत साधन प्रयोग गरी संचालन गरिने निम्न प्रकारका उद्योग संचालन पूर्व अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गरी विज्ञको सिफारिस बमोजिम मात्र अनुमती दिने वा नदिने अधिकार गाउँपालिकासँग निहित रहनेछ । साथै गाउँपालिका भित्र संचालित सम्पूर्ण उद्योग व्यवसायले आफूले उत्पादन गरेका फोहोर, प्रदुषण व्यवस्थापन गर्न जिम्मेवारी लिनु पर्नेछ ।

## ९. उद्योग तथा व्यवसाय सामाजिक उत्तरदायित्वः

नेपालको प्रचलित कानून बमोजिम अथवा यस कार्यविधिले तोके बमोजिम यस गाउँपालिका भित्र संचालित सम्पूर्ण उद्योग व्यवसायले आफ्नो नाफाको ५ प्रतिशत रकम व्यवसायको सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई गाउँपालिकाको संचितकोषमा दाखिला गरी आवश्यक प्रक्रियामार्फत गाउँपालिका भित्र सामाजिक सेवामा अनिवार्य रुपमा खर्च गर्नु पर्नेछ ।

## १०. मूल्य निर्धारण र सेवा तथा उत्पादनको गुणस्तरको मापदण्डः

काला बजारी, गुणस्तरहिन सेवा वा वस्तु तथा म्याद गुज्रिएका वस्तुको विक्रि वितरण, अधिक मूल्यमा कारोबार तथा आफूखुसी मुल्य वृद्धिलाई दण्डनीय ठहर गरिनेछ । गुणस्तर र मूल्य निर्धारणको लागि संघ र प्रदेश तहका प्राविधिक र संस्थागत जिम्मेवार निकायको नीति तथा मापदण्डलदाई समेत स्रोतको रुपमा प्रयोग गरिने वा त्यसलाई अबलम्बन गरिनेछ । उद्योग व्यवसायसँग सम्बन्धित मूल्य निर्धारण, गुणस्तर परीक्षण प्रयोजनका लागि अनुसूचीमा व्यवस्था गरिएको संयन्त्रले कार्य सहजीकरण गर्ने छ ।

## ११. अनुगमन र मूल्यांकनः

व्यवसायको प्रकृति हेरी आवधिक अनुगमन र मूल्यांन गर्ने त्यसको प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरी आवश्यक्ता बमोजिम नियमन/प्रोत्साहन गर्ने नीति अबलम्बन गरिएको छ । अनुगमन तथा मूल्यांकन गर्न विज्ञ, उपभोक्ता जनप्रतिनिधि, जनप्रतिनिधि, उद्योगी, सुरक्षा निकाय सम्मिलित समिति निर्धारण समिति निर्माण गरिनेछ ।

## १२. खारेजी तथा कारबाही सम्बन्धी व्यवस्थाः

तोकिएको मापदण्ड पूरा नगर्ने तथा कानूनी र वित्तिय अनुशासन उल्लंघन गर्ने व्यवसायलाई व्यवसायको प्रकृति हेरी २४ घण्टादेखि ६ महिनासम्मको सुधार गर्ने म्याद दिइने छ । सुधारका लागि तोकिएको समयमा समेत आवश्यक सुधार नगर्ने उद्योग व्यवसायको दर्ता खारेजी समेत गरी आवश्यक कारबाही गरिनेछ ।

## १३. बाधा अड्काउ फुकाउः

यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आइ परेमा गाउँ कार्यपालिकाले बाधा अड्का फुकाई कार्य सम्पादन गर्न सहजीकरण गर्न सक्नेछ ।

दफा ३ संग सम्बन्धित

## अनुसूची १

## उद्योग व्यवसाय दर्ता, नविकरण निवेदन फाराम

श्री नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख ।

विषयः व्यवसाय दर्ता, नविकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ................................... व्यवसाय दर्ता, नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । नौमूले गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै नौमूले गाउँपालिकाबाट समयसमयमा दिइने आदेश, निर्देशन समेत पालना गर्ने मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेका कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारबाही भएमा मञ्जुर छु/छौं ।

**१. व्यवसायीको नाम,थरः ..........................................................................**
**(फर्म कम्पनीको हकमा मूख्य व्यक्तिको नाम)**
**२. स्थायी ठेगानाः ................... जिल्ला, ................................... गा.पा./न.पा. .......... वडा नं. –.............. मार्ग .................. घर नं. –..........**
**३. बाबुको नाम, थरः ..................................................................**
**४. व्यवसाय रहने स्थानको ठेगानाः वडा नं. –........ मार्गः –........... घर नं. ................ व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं. ..................... पोष्ट बक्स नं. .................... वेवसाइट .......................................**
**५. सम्पर्क फोन नं. ......................................................**
**६. भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गाधनीको नाम, थरः .....................................**
**७. ठेगानाः .................................... वडा नं. ...... घर नं. ..... मार्गः ............**
**८. व्यवसायको विवरण/प्रकृतिः ........................................................................**
**९. पूँजीगत लगानी रु.माः ........................................................................**
**१०. फर्म/कम्पनीको नामः ..................................................................**
**११. परिचय पाटीको साइजः लम्बाईः ................. चौडाईः .......... वर्गफिटः .............**
**१२. अन्य दर्ता भएको भए, दर्ता नं. ............ /कार्यालयः ................................... प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा र ककम र भुक्तानी तरिका समेत खुलेको बहाल सम्झौता पत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१, विदेशी नागरिकको हकमा नेपालस्थिति राजदुतावासबाट**

**व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साइजको फोटो-२ प्रति, फर्म कम्पनी भएमा दर्ता/इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।**

**मितिः ........................................................**
**निवेदकको दस्तखतः ......................................**

## कार्यालय प्रयोजनका लागि मात्र

निवेदन दस्तुर .................................... दर्ता दस्तुर ..................... व्यवसाय कर ............................. परिचय पाटी दस्तुर ........................ जरिवाना............................ जम्मा ..........................व्यवसाय प्रमाण पत्र नं. ...................... ।

मितिः .....................................

| | | |
|---|---|---|
| ..................... | ................. | ................ |
| पेश गर्ने | ठीक छ भनि प्रमाणित गर्ने | स्वीकृत गर्ने |

दफा ३ संग सम्बन्धित

# अनुसुची २

## नौमूले गाउँपालका उद्योग / व्यवसाय दर्ता प्रमाण-पत्र

## नौमूले गाउँपालिका

## उद्योग/व्यवसाय दर्ता प्रमाण-पत्र

प्रमाणपत्र नं...........                                        दर्ता मितिः.....................

जिल्ला .....................गाउँपालिका/नगरपालिका....................................वडा नं. ......... बस्ने श्री ..............................................लाई नौमूले गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै नौमूले गाउँपालिकाबाट समयसमयमा दिईने आदेश दिर्देशन समेत पालना गर्न मञ्जुर भएको निवेदनको आधारमा व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायको नामः..........................................................................................
व्यवसाय रहने स्थानः नौमूले गाउँपालिका वडा नं........बाटोको नामः ....................घर नं...... टोल ............................
व्यवसाय रहने घर/जग्गाधनीको नामः.......................................................................
व्यवसायको प्रकृतिः ........................................
विवरण .....................................................
पुँजीगत लगानी (रु. मा) ................................................................

करदाताको हस्ताक्षरः................................                    प्रमाणित गर्नेको हस्ताक्षर

१) प्रत्येक आर्थिक वर्षको लागि गाउँपालिकाको वार्षिक कर सम्बन्धित कार्यालयमा गई उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ । गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।
२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा नौमूले गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।
३) व्यवसाय वन्द गर्नु परेमा करदाताले नौमूले गाउँपालिका सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनु पर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सवै देखिने गरी राखिनु पर्दछ र को कर्मचारीहरुले हेर्ने चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।

५) कुनै पनि किसिमको व्यवसाय गतिविधिमा बालश्रमिकहरु प्रयोग गर्ने पाईने छैन । यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७) व्यवसाय संञ्चालनको शिलशिलामा गाउँपालिकाबाट समय-समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८) उल्लेखित सर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय वन्द समेत गर्न सक्नेछ ।

९) यो प्रमाणपत्र दर्ता नविकरण संञ्चालन र नियमन प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित उद्योग ऐन वमोजिम अनुमति लिएर मात्र संञ्चालन गर्नु पर्ने कुनै उद्योग/पेशा वा व्यवसायले प्रचलित कानून बमोजिम दर्ता गरि मात्र यस्तो कार्य संञ्चालन गर्नु पर्नेछ ।

## अनुसूची ३

## उद्योग व्यवसाय कर दर्ता किताब

| दर्ता नं | नाम | ठेगाना | प्रोपाईटर | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरण मिति: २०८१/०३/२१

आज्ञाले,

**दमन दाहाल**

प्रमुख प्रशासकीय अधिकृत